January 4th, 2026 Sunday

प्रमुख समाचार:

१. खेलकुदको क्षेत्रमा भारतको प्रदर्शन निरन्तर सुधार भइरहेको प्रधानमन्त्री नरेन्द्र मोदीको उल्लेख

२. मनरेगा भ्रष्टाचारको पर्यायवाची बनेको ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानको टिप्पणी

३. भेनेजुएलामा भएका घटनाक्रमहरूमा भारतको गहिरो चिन्ता, नागरिकहरूलाई भेनेजुएलाको अनावश्यक यात्रा नगर्न सरकारको सल्लाह

४. अनि आज विश्व ब्रेल दिवसको अवसरमा आकाशवाणी गान्तोकबाट विशेष समाचार बुलेटिन प्रसारण हुँदै

----------

१. PM-Volleyball

प्रधानमन्त्री नरेन्द्र मोदीले २०१४ देखि खेलकुदमा भारतको प्रदर्शनमा निरन्तर सुधार आएको बताउनुभएको छ। आज उत्तर प्रदेशको वाराणसीमा ७२ औं राष्ट्रिय भलिबल प्रतियोगिताको भर्जुअल उद्घाटन गर्दै उहाँले भारत २०३६ ओलम्पिक खेलकुद आयोजना गर्ने बलियो दावेदार भएको बताउनुभयो।

राष्ट्रिय भलिबल प्रतियोगिता जनवरी ११ सम्म जारी रहनेछ। यसमा देशभरका एक हजारभन्दा बढी खेलाडीहरूले भाग लिइरहेका छन्।

२. Shivaraj - MNREGA

ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले भन्नुभएको छ, मनरेगा भ्रष्टाचारको पर्यायवाची बनेको छ, जहाँ कामदारहरूलाई प्रायः शोषण गर्ने गरिन्थ्यो। आज नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले कांग्रेस पार्टीले विकसित भारत रोजगार तथा जीविकोपार्जन ग्यारेन्टी मिशन-ग्रामीण-जी राम जी ऐनको बारेमा जनतालाई भ्रम फैलाउने काम गरिरहेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो.....

श्री चौहानले "जी राम जी" योजनामा विकसित भारतलाई उल्लेखनीय रूपमा सुरक्षित गरिएको बताउनुभयो। उहाँले १०० दिनको सट्टा १२५ दिनको लागि रोजगारीको ग्यारेन्टी गरिएको, बेरोजगारी भत्ताको प्रावधानलाई बलियो बनाइएको पनि उल्लेख गर्नुभयो।

३. Shivaraj – Crop - Seed

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले २०२५ मा भारतको धान उत्पादन १५ करोड टनभन्दा बढी हुने बताउनुभएको छ । भारतीय कृषि अनुसन्धान परिषद्ले विकास गरेको सुधारिएको गुणस्तरका २५ बालीका १८४ नयाँ प्रजातिहरूको उद्घाटन गर्दै श्री चौहानले भारतले धान उत्पादनमा चीनलाई उछिनेको बताउनुभयो । उहाँले भारत विश्वको अग्रणी धान निर्यातकर्ता बनेको पनि बताउनुभयो ।

४. Tamilnadu – Amit Shah

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाह आज तमिलनाडुको दुई दिने भ्रमणका क्रममा तिरुची पुग्नुभएको छ। तिरुची विमानस्थलमा उहाँलाई पार्टीका नेताहरू र केन्द्रीय सूचना तथा प्रसारण राज्यमन्त्री एल. मुरुगनले हार्दिक स्वागत गर्नुभयो। श्री शाहले पार्टीका अधिकारीहरूसँगको बैठकमा भाग लिनुभयो। उहाँले पुडुक्कोटाईमा हुने भाजपाको बैठकमा पनि भाग लिनु हुनेछ। भोलि गृहमन्त्रीले तिरुचीको श्रीरंगम मन्दिरको भ्रमण गर्नु हुनेछ र पोंगल उत्सवमा भाग लिनु हुनेछ।

५. MEA- Venezuela

भारतले भेनेजुएलामा हालैका घटनाक्रमहरूमा गहिरो चिन्ता व्यक्त गरेको छ। विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाएअनुसार भारतले भेनेजुएलाको अवस्थालाई नजिकबाट निगरानी गरिरहेको छ। हालैका घटनाक्रमहरूलाई ध्यानमा राख्दै, विदेश मन्त्रालयले भारतीय नागरिकहरूलाई भेनेजुएलाको अनावश्यक यात्रा नगर्न परामर्श जारी गरेको छ। भेनेजुएलामा रहेका सबै भारतीयहरूलाई अत्यधिक सावधानी अपनाउन, आफ्नो आवतजावत सीमित गर्न र काराकासस्थित भारतीय दूतावाससँग निरन्तर सम्पर्कमा रहन सल्लाह दिइएको छ। यसैबीच संयुक्त राष्ट्र सुरक्षा परिषद्ले भेनेजुएलामा अमेरिकी आक्रमणको बारेमा छलफल गर्न भोलि आपतकालीन बैठक बोलाएको छ।

६. World Leaders - Venezuala

विश्व नेताहरूले भेनेजुएलामा भएको सैन्य कारबाहीको निन्दा गरेका छन्। रूस, चीन, इरान, ब्राजिल र क्युबा लगायत धेरै देशहरूले अमेरिकी सैन्य कारबाहीको निन्दा गरेका छन् र यसलाई भेनेजुएलाको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको उल्लङ्घन भनेका छन्।

७. Mandaviya – Tea Chinkona Union

श्रम तथा रोजगार मन्त्री मनसुख मण्डावियाले नयाँ श्रम कानूनले पश्चिम बंगालको दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका चिया र सिन्कोना कामदारहरूको जीवनमा परिवर्तन ल्याउने बताउनुभएको छ। चिया र सिन्कोना मजदुर संघका नेता र हितधारकहरूसँग संवाद गर्दै श्री मण्डावियाले दशकौंदेखि चिया उत्पादन गर्ने यस क्षेत्रका कामदारहरू औपनिवेशिक युगदेखिको पुरानो श्रम अभ्यासबाट पीडित रहेको बताउनुभयो। पश्चिम बंगाल सरकारलाई लक्षित गर्दै श्रम मन्त्रीले  राज्य सरकारले चिया र सिन्कोना कामदारहरूलाई उचित ज्याला र उनीहरूको पुर्ख्यौली जग्गाबाट वञ्चित गरेको बताउनुभयो। उहाँले नयाँ श्रम कानूनले कुनै पनि कामदारलाई राष्ट्रिय न्यूनतम ज्यालाभन्दा कम तलब

नदिने कुरा सुनिश्चित गर्ने अनि पश्चिम बंगाल सरकारलाई पनि यी कानूनहरू लागू गर्न बाध्य पारिने बताउनुभयो। उल्लेख्य, श्री मण्डाविया उत्तर बंगालको दुई दिने भ्रमणमा हुनुहुन्छ।

८. Jitendra – J&K

केन्द्रीय मन्त्री डा. जितेन्द्र सिंहले जम्मू र कश्मीरको कठुआमा हालै आएको बाढीबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणका लागि कोष विनियोजनको समीक्षा गर्नुभयो। उहाँले जानकारी दिनुभएअनुसार केन्द्रले राज्यमा सार्वजनिक सम्पत्ति र पूर्वाधारमा भएको क्षतिको क्षतिपूर्ति दिन १,४०० करोड रुपियाँ भन्दा बढी रकम विनियोजन गरेको छ।

९. J&K

जम्मू कश्मीरको अन्तर्राष्ट्रिय सीमा नजिकै रहेका सीमावर्ती गाउँ अर्निया, आरएस पुरा र कानाचकका लगभग ८५ गाउँका रक्षा टोलीहरू जम्मूको जिल्ला प्रहरी लाइनमा विशेष तालिम लिइरहेका छन्। तालिममा स्वचालित राइफल फायरिङ, साना हतियारको रणनीति, आत्मरक्षा, बंकर निर्माण र शत्रुको आक्रमणलाई रोक्ने जस्ता तरकिवहरू समावेश छन्।

१०. Sikkim – World Braille Day

आज विश्व ब्रेल दिवस हो। यो विशेष दिन मनाउन आकाशवाणी समाचार गान्तोक र सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालय अन्तर्गतको समग्र क्षेत्रीय सीप विकास केन्द्र, CRC, सिक्किमले हातेमालो गर्दै आकाशवाणी गान्तोकले आज नेपालीमा विशेष ब्रेल समाचार प्रसारण गर्नेछ। यसलाई पश्चिम सिक्किमको गेजिङकी दृष्टिविहीन दिव्यांगजन सोनम डिकी भुटियाले पढ्नुहुनेछ। उहाँ हाल सिक्किम सरकार अन्तर्गत जेएनएमआई नाम्चीमा कार्यरत हुनुहुन्छ। यस पहललाई महत्त्वपूर्ण मानिएको छ किनभने आकाशवाणी गान्तोकबाट दिव्यांगजनको सम्मानमा यस्तो प्रसारण पहिलो पटक भइरहेछ।

११. IMD

मौसम विभागले आज दिल्ली, हरियाणा, चण्डीगढ, पञ्जाब, उत्तर प्रदेश, बिहार र ओडिशामा बाक्लो कुहिरो लाग्ने चेतावनी जारी गरेको छ।

-----------